# ऐसेलुखर्क गाँउपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ
( शिक्षा शाखा )
१ नं. प्रदेश, नेपाल

☎ ०३६-४११९०३

प.स ०७४/०७५
च.नं. ३८९

मिति :-२०७४/११/१८

विषय :- परीक्षा सम्बन्धी निर्देशन सम्बन्धमा ।

श्री सबै स्रोतकेन्दहरु/ विद्यालयहरु
ऐसेलुखर्क गाउँपालिका, खोटाङ ।

प्रस्तुत विषयमा जिल्ला समन्वय समितिको मिति २०७४।११।६ गतेको निर्णय तथा परीक्षा समिति ऐसेलुखर्क गाउँपालिका खोटाङको २०७४।११।१५को निर्णय अनुसार आधारभूत तह कक्षा ८ तथा अन्य कक्षाहरुको परीक्षा तपसिलको कार्य तालिका अनुसार मिति २०७४।१२।०८ गतेदेखि दिनको ठीक १ : ०० बजेबाट गर्ने भन्ने निर्णय भए अनुसार सोही अनुसार गर्न गराउँन हुन अनुरोध छ ।

तपसिल

परीक्षा समय तालिका

| मिति | कक्षा | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| २०७४।१२।८ | अङ्ग्रेजी | अङ्ग्रेजी | अङ्ग्रेजी | अङ्ग्रेजी | अङ्ग्रेजी | अङ्ग्रेजी | अङ्ग्रेजी | अङ्ग्रेजी | अङ्ग्रेजी |
| २०७४।१२।९ | नेपाली | नेपाली | नेपाली | नेपाली | नेपाली | नेपाली | नेपाली | नेपाली | नेपाली |
| २०७४।१२।१२ | गणित | गणित | गणित | गणित | गणित | गणित | गणित | गणित | गणित |
| २०७४।१२।१३ | साअसि | साअसि | साअसि | साअसि | साअसि | साअज | साअज | साअज | सामाजिक |
| २०७४।१२।१४ | विज्ञान | विज्ञान | विज्ञान | विज्ञान | विज्ञान | विज्ञान वाता | विज्ञान वाता | विज्ञान वाता | विज्ञान |
| २०७४।१२।१५ | स्थानीय | स्थानीय | स्थानीय | स्थानीय | स्थानीय | स्वाशानै | स्वाशानै | स्वाशानै | स्वाजवा |
| २०७४।१२।१६ | - | - | - | - | - | पेव्यप्र | पेव्यप्र | पेव्यप्र | ऐ.प्रथम |
| २०७४।१२।१८ | - | - | - | - | - | स्थानीय | स्थानीय | स्थानीय | ऐ.द्वितीय |

(नोट :साअसि = सामाजिक अध्ययन र सिर्जनात्मक कला, साअज = सामाजिक अध्ययन र जनसङ्ख्या, विज्ञान वाता= विज्ञान तथा वातावरण,स्वाशानै = स्वास्थ्य शारीरिक र नैतिक,पेव्यप्र= पेशा, व्यवसाय र प्रविधि, स्वाजवा =स्वास्थ्य जनसङ्ख्या र वातावरण)

निर्देशनहरु

१. परीक्षाकेन्द्र सम्बन्धित विद्यालयमा रहने,केन्द्राध्यक्ष सम्बन्धित विद्यालयको प्रधानाध्यापक हुने ,कक्षा ८ लगायत अन्य कक्षाको उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन, गाउँपालिका, परीक्षा समिति र स्रोतव्यक्तिको समन्वयमा गर्ने ।

२.मिति २०७५ बैसाख १५ गतेभित्र मार्कसीट, मार्कलेजर प्रमाणित गरी जारी गर्नु पर्ने भएकाले सोही अनुसार गर्ने व्यवस्था गर्ने ।

३. प्रश्नपत्र लगायत अन्य कुनै विषयमा समस्या आए विषय शिक्षकको समन्वयमा प्र.अ.ले समाधान गरी परीक्षा समितिलाई जानकारी दिने ।

४.प्रत्येक कक्षाको अङ्ग्रेजी,नेपाली, गणित र विज्ञान विषयको उत्तम,मध्यम र न्यून अङ्क प्राप्त गर्ने ३ जना विद्यार्थीहरुको उत्तर पुस्तिका परीक्षा समितिमा उपलब्ध गराउने, ६ महिनासम्म सबै विषयको उत्तरपुस्तिका विद्यालयमा सुरक्षित राख्ने व्यवस्था मिलाउने ।

५.२०७५ बैसाखभित्र परीक्षाको नतिजा विश्लेषण गरी आगामी सुधारका योजनासहित स्रोतकेन्द्र मार्फत गाउँपालिकामा प्रतिवेदन पेश गर्ने।

६.परीक्षा सम्वन्धी काम कार्बाहीहरुको अनुगमन स्रोतकेन्द्र,,परीक्षा समिति ,गाउँपालिका, जिल्ला शिक्षा कार्यालय र जिल्ला समन्वय समितिले गर्ने ।

७. परीक्षा सञ्चालन व्यवस्थापन सम्बन्धी विषयमा कुनै द्विविधा भए परीक्षा समिति ,गाउँपालिका, जिल्ला शिक्षा कार्यालय र जिल्ला समन्वय समितिमा सम्पर्क गर्ने ।

८. मातृभाषा, स्थानीय विषयको प्रश्नपत्र स्वीकृत ग्रिड अनुसार विद्यालय आफैले निर्माण गरी प्रयोग गर्ने ।

९. परीक्षाको बीचमा सार्वजनिक बिदा घोषणा भएमा उक्त दिनको परीक्षा, परीक्षा समाप्त हुने दिनको भोलि पल्ट गर्ने ।

२०।१८

बुद्धिप्रसाद घिमिरे
सदस्य सचिव , परीक्षा समिति

OIC

Scanned by CamScanner